# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## परासी, नवलपरासी
५ नं. प्रदेश, नेपाल

प. सं :२०७५/०७६
च.नं.: २४६

मिति: २०७५।०४।१४

श्री........ नं वडा कार्यालय,
...................., नवलपरासी ।

**विषय :- सुचना टाँस गरिदिने बारे ।**

प्रस्तुत विषयमा भूमिसुधार कार्यालय, नवलपरासी को च.नं २० मिति २०७५।०४।०८ को प्राप्त पत्रका साथ संलग्न मोही बाँडफाँड सम्बन्धी सुचना थान १ यसै पत्र साथ संलग्न गरि पठाइएको छ । उक्त सुचना तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरिदिनु हुन अनुरोध छ ।

( राजन श्रीवास्तव )
शाखा अधिकृत

राजन श्रीवास्तव
शाखा अधिकृत

बोधार्थ
सुचना प्रविधि शाखा
( उक्त सुचना कार्यालयको वेबसाइटमा अपलोड गरिदिनु हुन । )

नेपाल सरकार

# कृषि, भूमि व्यवस्था सहकारी मन्त्रालय

## मोहीयानी समस्या समाधान इकाईको सूचना

नेपाल राजपत्र भाग ५ मिति २०७४/७/२४ मा जारी सूचना अनुसार जग्गामा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने उद्देश्यले मोही लागेको जग्गा मोही र जग्गाधनी बीच बाँडफाँड गर्ने प्रयोजनका लागि मिति २०७५ भाद्र ४ सम्म बाँडफाँडको निवेदन दिइसक्ने पर्ने र मिति २०७६ भाद्र ४ गतेसम्म निवेदन फछ्र्यौट गरिसक्नु पर्ने व्यवस्था रहेको छ । यस मन्त्रालयबाट मिति २०७५/१/२३ मा जारी भएको कृषि, पशुपंक्षी, भूमि व्यवस्था तथा सहकारी क्षेत्रको रुपान्तरणको मार्गचित्र २०७५ मा समेत १ वर्ष भित्र मोही सम्बन्धी समस्या पूर्णतः अन्त्य गर्ने लक्ष्य राखिएकोले देहायबमोजिम गरी गराई सहयोग गरिदिनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

- जग्गाधनी र मोहीले बाँडफाँडको लागि निवेदन दिने अन्तिम मिति २०७५ भाद्र ४ गते सम्म मात्र तोकिएकोले उक्त म्याद भित्र सम्बन्धित कार्यालयमा निवेदन दिईसक्नु हुन सम्बन्धित मोही तथा जग्गाधनीहरुलाई जानकारी गराइन्छ ।

- उल्लिखित अवधि भित्र द्वैध स्वामित्व अन्त्य गरिसक्नु पर्ने भएकोले भूमिसुधार कार्यालय तथा भूमिसुधारको कार्य समेत गर्ने मालपोत कार्यालयहरुले बाँडफाँडका लागि बाँकी मोही तथा जग्गाधनीहरुलाई निवेदन दिन आउन पर्याप्त सूचना प्रवाह गर्ने, प्राप्त निवेदन उपर तदारुकताका साथ बाँडफाँडको निर्णय गर्ने, बाँडफाँडमा कुनै समस्या भए समाधानका लागि विभाग मार्फत लेखी पठाउने र निकासा लिई निर्णय गर्ने तथा नियमित प्रगति विवरण पठाउने प्रबन्ध गर्ने ।

- स्थानिय तह, प्रदेश सरकार, सम्बन्धित संघ-संस्था, राजनिति कर्मी, कानुन व्यवसायी, बुद्धिजिवी, संचारकर्मी तथा सम्पूर्ण जनसमुदायमा यो सन्देश सम्बन्धित मोही तथा जग्गाधनी समक्ष पर्याई जग्गा माथिको द्वैध स्वामित्व अन्त्य गर्ने कार्यमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याई दिन अनुरोध गरिन्छ ।